# सिदिङ्वा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः... मितिः २०७५/२/१०

**भाग-२**

## सिदिङ्वा गाउँपालिका

**दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५**

आज्ञाले,

सुमन लिङ्देन (लिम्बु)

प्रमुख प्रशासकीय अधिकृत

## पृष्ठभूमी

नेपालको ग्रामीण समुदायमा  पशुपालन व्यवसाय परापूर्वकाल देखि नै अपनाई आएको पेशा हो । यस व्यवसायबाट मानिसका लागि अति आवश्यक पर्ने दुध, मासु, अण्डाको उत्पादन हुनुका साथै रोजगारीको अवसर पनि प्राप्त हुने गरेको छ । दुध उत्पादनका लागि गाई र भैंसीपालन व्यवसाय प्राय नेपालका हरेक भूभागमा सन्चालन हुंदै आएको छ । पशुपालन प्रमुख पेशाका रुपमा अपनाई रहेका पहाडी भेकका कृषकहरुको लागि गाईभैंसीपालनमा व्यवस्थित गोठ, आहरा, रोगको रोकथाम तथा उत्पादित दुधको वजार व्यवस्थापन संबन्धित विविध समस्या र चुनौतिहरु विद्यमान रहेका छन् । आफ्ना उत्पादनलाई नजिकको वजार सम्म पुऱ्याई समस्त उपभोक्ताको माझमा सफा र स्वच्छ दुध विक्रि वितरण गर्नु पर्ने कुरा आजको अपरिहार्य आवश्यकतालाई मध्यनजर गरी दुध, दही, मही, घिउको उत्पादन र उत्पादकत्वको वृद्धि संगै आम उपभोक्तामा सहज आपूर्ति गर्ने प्रणालीको शुरुवात गर्न गाईभैंसीपालन व्यवसाय गरी दुध उत्पादन तथा विक्रि वितरण गर्ने कृषकहरुलाई प्रमुख प्राथमिकता दिई व्यवसाय प्रोत्साहन गर्ने उद्धेश्य राखी सिदिङवा गाउंपालिकाले **दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५** तयार पारेको छ ।

## २.उद्धेश्य

क) गाईभैंसी पालन गरी दुध तथा दग्धजन्य पदार्थहरुको उत्पादन र विक्रि वितरण गर्ने कृषकहरुलाई प्रोत्साहन स्वरुप अनुदान रकम प्रदान गर्ने ।
ख) वजारमा दुध तथा दुग्धजन्य पदार्थहरुको सहज रुपमा उपलव्ध हुने प्रणालीको विकास गर्ने ।

**३.कार्यक्रम कार्यान्वयन अवधि :** ५ वर्ष

## ४. कार्यक्रम सन्चालनका लागि विनियोजित बजेट : रु १०,००,०००।००

यो कार्यक्रम आ.व.२०७४।७५ मा शुरुवात गरी ५ वर्ष सम्म क्रमिक रुपमा कृषक संख्या बढाउंदै लगिने छ ।

**४. लाभान्वित वर्ग :**

शुरु वर्षमा यस कार्यक्रमबाट सिदिङवा गाउंपालिकाका ३ वटा वडाका अनुदान प्राप्त गर्ने कम्तीमा ३० कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने छन् भने दुध तथा दुग्धजन्य पदार्थ विक्रि वितरण र सेवन गर्न पाउने करिव १०० जना भन्दा बढी उपभोक्ताहरु थप लाभ लिन सक्ने छन् ।

## ५. अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया

दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया देहाय  वमोजिम हुने छ :

क) दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रमका लागि अनुसूची नं. १ को फारम भरी आवेदन दिनु पर्ने छ ।

ख) दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रमका लागि तपसिल वमोजिमको मापदण्डको आधारमा कृषकहरु छनौट गरिने छ :

- दुहुना गाई वा भैंसीपालन गरी कम्तीमा दैनिक ७ लिटर दुध उत्पादन गरेको हुनु पर्ने छ ।
- गाईभैंसी पालनका लागि आवश्यक मात्रामा भुंई घांस वा डाले घांसको व्यवस्था भएको हुनु पर्ने छ ।
- गाईभैंसीपालनका लागि गोठको उचित व्यवस्था भएको हुनु पर्ने छ ।
- आफुले पालेका गाई वा भैंसीको नियमित स्वास्थ्य परीक्षण गराई कम्तीमा वर्षको दुई पटक जुका नाम्लेको औषधि खुवाएको हुनु पर्ने छ ।
- प्रत्येक वडाबाट कम्तीमा १० जनाका दरले अनुदानका लागि सहभागी कृषकहरुको छनौट गरिने छ ।
- आफुले पालको गाईभैंसीको नियमित अभिलेख राखेको हुनु पर्ने छ ।

ग) दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रमका लागि आवेदन दिने कृषकहरु मध्यबाट उल्लेखित मापदण्डका आधारमा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन समितिबाट कृषक छनौट गरिने छ । यसका लागि अनुसरुची २ वमोजिमको फारम प्रयोजनमा ल्याईने छ ।

घ) दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रमका लागि छनौट भएका कृषकहरुलाई अनुसूची ३ वमोजिम सम्झौता तयार गरी तपसिल वमोर्जािजमका कार्यहरु गर्न अनुदान रकम उपलब्ध गराईने छ ।

- गोठ सुधार एवं व्यवस्थापनका लागि अनुदान रकम रु.२०,०००।०० प्रति कृषक
- पशु स्वास्थ्य तथा पोषण सुधारका लागि अनुदान रकम रु.५,०००।०० प्रति कृषक
- दुध दुहुने वाल्टी तथा दुध ढुवानीका लागि एल्मुनियम क्यान रु.७,०००।०० प्रति कृषक

ङ ) दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रमका लागि छनौट भएका कृषकहरुले प्राप्त गर्ने अनुदान रकम दुई किस्तामा उपलब्ध गराईने छ । पहिलो किस्ताको रकम पेश्की लिई बांकी रकम कार्य सम्पन्न भए पछि कार्य सम्पन्न प्रगतिका आधारमा विल भर्पाइ प्राप्त भए पछि भुक्तानी दिईने छ ।

च) गाउपालिकाका पदाधिकारी एवं पशुपन्छी विकास शाखाबाट कार्यक्रमको नियमित अनुगमनको व्यवस्था मिलाईने छ ।

अनुसूची १

प्रदेश नं.१

सिदिङवा गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय, साव्लाखु

ताप्लेजुङ

## दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम

## आवेदन फाराम

१. कृषकको नाम, थर : ....................................................

२. ठेगाना : ...................................................................संपर्क :....................

३. पशुपन्छीको तथ्याङक विवरण

| क.सं | पशुपन्छीको विवरण | संख्या | दुध उत्पादन लिटर प्रति दिन |
|---|---|---|---|
| १ | दुहुना गाई | | |
| २ | कोरली गाई | | |
| ३ | थारा गाइ | | |
| ४ | दुहुना भैंसी | | |
| ५ | कोरली भैंसी | | |
| ६ | थारा भैंसी | | |

४. गोठको अवस्था

५। पशु आहार तथा पोषणको अवस्था

६) प्रोत्साहन अनुदानका लागि माग गरेको अनुदान

क) गोठ सुधार तथा व्यवस्थापन रु.२००००।००

ख) पशु स्वास्थ्य तथा पोषण सुधार रु.५०००।००

ग) दुध तथा दुग्धजन्य पदार्थ संकलन तथा ढुवानी सामग्री रु.७०००।००

जम्मा रु.३२०००।००

........................................

निवेदकको दस्तखत

मितिः ..................................

**आवेदन फारम पेश गर्दा संलग्न राख्नु पर्ने कागजातहरु**

१.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

२.वडा कार्यालयको सिफारिस पत्र

३.अनुदान कार्यान्वयन गर्ने कार्य योजना सहितको प्रस्तावना

अनुसूची २

प्रदेश नं.१

सिदिङ्वा गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय, साव्लाखु

ताप्लेजुङ

**दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम**

**कृषक छनौटका लागि मुल्याङकन फाराम**

१. गाईभैंसीको दुध उत्पादन क्षमता -अधिकतम २०

| | |
|---|---|
| न्यून | १५ |
| मध्यम | १७ |
| अधिकतम | २० |

२. गोठको अवस्था -अधिकतम २०

| | |
|---|---|
| न्यून | १५ |
| मध्यम | १७ |
| अधिकतम | २० |

३. पशु आहाराको अवस्था -अधिकतम २०

| | |
|---|---|
| न्यून | १५ |
| मध्यम | १७ |
| अधिकतम | २० |

४. दुधको विक्रि वितरणमा सकृयता -अधिकतम २०

| | |
|---|---|
| न्यून | १५ |
| मध्यम | १७ |
| अधिकतम | २० |

५. गाईंभैंसीपालनमा शीप ज्ञानको अवस्था-अधिकतम २०

| | |
|---|---|
| न्यून | १५ |
| मध्यम | १७ |
| अधिकतम | २० |

कुल पूर्णाङक [ १०० ]     प्राप्ताङक [ ]

मुल्याङकन समितिको दस्तखत

१.संयोजक.........................२.सदस्य............................३.सदस्य..............................

मितिः....................................

अनुसूची ३

प्रदेश नं.१

सिदिङवा गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय, साव्लाखु

ताप्लेजुङ

**दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम**

**सम्झौता–पत्र**

सिदिङवा गाउंपालिकाको स्वीकृत कार्यक्रम बमोजिम यस गाउँपालिकामा दुध र दुग्धजन्य पदार्थ उत्पादन तथा विक्रि वितरण प्रोत्साहन अनुदान कार्यक्रम संचालनका लागि सिदिङवा गाउँपालिका, पशुपन्छी विकास शाखा (यस पछि पहिलो पक्ष भनिने) र यस कार्यक्रमका लागि छनौट भएका सिदिङवा गाउंपालिका, वडा नं.........निवासी कृषक श्री ........................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिल बमोजिका शर्तहरु पालना गर्ने गरि द्विपक्षिय सम्झौता सम्पन्न भयो । इति संवत २०७५ साल..........महिना.........गते रोज........शूभम् ।

१. यस कार्यक्रमका लागि कम्तीमा २ माउ गाई वा भैंसी पालन गरी नियमित रुपमा दुध तथा दुग्धजन्य पदार्थहरुको उत्पादन र विक्रि वितरण गरेको हुनु पर्नेछ ।

२.पहिलो पक्षले दोस्रो पक्षलाई दुध उत्पादनका लागि गाई वा भैंसी पालन संबन्धि विवरण सहितको फाराम भरी अनुदानका लागि आवेदन दिनु पर्ने छ । आवेदनमा कुन प्रकृतिको कामका लागि अनुदान माग गरेको हो सो प्रष्ट संग संकेत गरिएको हुनु पर्नेछ ।

३. दोश्रो पक्षले पेश गरेको आवेदन फारामको आधारमा पहिलो पक्षले स्थललगत अवलोकन पश्चात फिल्ड भेरीफिकेशन र प्राविधिक मुल्याङन गरी अनुदानका लागि कार्यक्रम छनौट समितिमा सिफारिस गर्नेछ ।

४. पहिलो पक्षले मुल्याङन पश्चात सिफारिस भै आएका आवेदनहरुको अनुदानका लागि योग्यता सूची तयार गरी गाउकार्यपालिका वोर्ड बैठकबाट अनुमोदन गरी सम्झौताका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

५. पहिलो पक्षले सम्झौताका लागि सम्पर्क राख्न सार्वजनिक सूचना प्रकाशन गरेको अवधि भित्र दोश्रो पक्षले गाउ कार्यपालिकाको कार्यालयमा आई सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्ने छ ।

६.सम्झौता पश्चात पहिलो पक्षले अनुदान रकम पहिलो किस्तामा ५० प्रतिशत पेश्की स्वरुप उपलब्ध गराउने छ र बांकी रकम कार्य सम्पादनका आधारमा भूक्तानी दिने व्यवस्था मिलाईने छ ।

७. पहिलो पक्षले प्रदान गरेको अनुदान रकम दोश्रो पक्षले लक्षित कार्यका लागि प्रयोग नगरी अन्य कामका लागि खर्च गरेको थाहा भएमा नियमानुसार कारवाही गरी पुनः अर्को अनुदानमा सहभागी गराईने छैन ।

| **प्रथम पक्ष (गाउपालिकाको तर्फबाट)** | **दोश्रो पक्ष (अनुदान प्राप्त गर्ने कृषकको तर्फबाट)** |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| | संस्थाको छाप वा सहिछाप |

कार्यालयको छाप